
नरिसाउनू है !
लिमरिक सङ्ग्रह
रामबहादुर पहाडी

# नरिसाउनू है !

(लिमरिक-सङ्ग्रह)

रामबहादुर पहाडी

**कृति :** नरिसाउनू है !
**विधा :** लिमरिक
**लेखक :** रामबहादुर पहाडी
**आवरण :** चन्द्रशेखर पौड्याल
**आभार :** नगेन्द्र
**संस्करण :** प्रथम, २०७० पुष
**मूल्य रु.** : ५५/-
**प्रकाशक** : जमर्को युवा समूह
पो. ब. नं. २५८५९ काठमाडौं ।

# समर्पण



स्व. सोफिया शर्मा ।

श्री गणेशायनमः
श्री पशुपतये नमः
मात्रृदेवाय नमः
पितृदेवाय नमः
केही गरेर मरौँ यस जुनीमा
कीर्ति रहोस् जन्मभूमिमा
देवी श्री श्री श्री सोफिया शर्मायै नमोनमः ।

# लेखकीय

धेरै लामो समयदेखि सम्पर्कविहिन अवस्थामा रहेको थियो हाम्रो सम्बन्ध । एकदिन मैले उहाँको फोन नम्बर पत्ता लगाएर फोन गरैं र उहाँलाई भेट्न उहाँको निवास मण्डिखाटार गएँ । उहाँलाई भेटेर धेरै खुसी लाग्यो । मेरा दिवंगत भिनाजु विष्णुबहादुर सिंहज्यूको अहिसेट मेटियो किनभने श्री शर्माज्यू उहाँको मीत हुनुहुन्छ । त्यस अर्थमा उहाँ मेरो मीत भिनाजु पर्नुहुन्छ । तर उहाँसँग मेरो व्यक्तिगत सम्बन्ध पनि रहेको छ । कुनै समय उहाँ मेरो हााकिम पनि हुनुहुन्थ्यो । तर अरु सम्बन्ध जे भए पनि मैले उहाँलाई मान्ने एउटा प्रमुख कारण हो, उहाँ नेपालका एक अति विशिष्ट विद्वान्, लेखक तथा निबन्धकार हुनुहन्छ । र, यस्ता आदरणीय विद्वान्हरूको आदर सम्मान गर्नु मेरो नैतिक मान्यताभित्र पर्दछ । उहाँले मलाई आफ्नै भाइलाई जस्तै माया गर्नुहुन्छ, त्यसैले म आफूलाई धन्य सम्फन्छु ।

उपरोक्त पंक्तिहरूको सन्दर्भ यस लिमरिक-सङ्ग्रहसँग रहेको हुँदा यहाँ कोट्याउनु परेको हो । नगेन्द्र शर्माजीसँग सम्पर्कमा आउने सुअवसर प्राप्त भएपछि म बराबर उहाँकोमा जाने गर्न थालें । हरेक भेटमा परिवारदेखि राष्ट्रका विषयमासमेत हाम्रो चिन्तन हुन्थ्यो । यस्तैमा एकदिन हामी नेपाली साहित्य विशेष गरेर कविता र गीत गजलका बारेमा बहस गर्दै थियौ किनभने म गजल लेख्छु र गाउँछु पनि भन्ने कुरा उहाँलाई थाहा थियो । उहाँले मलाई नेपाल स्रष्टा समाजद्वारा प्रकाशित प्रथम 'नन्दहरि–नगेन्द्र वाङ्मय सम्मान' तथा 'नन्दहरि सोफिया संगीत सम्मान' अर्पण समारोह जनवरी २६, २०११ नामक सानो पुस्तिका दिनुभयो ।

वास्तवमा त्यो पुस्तिका सोही समारोहको कार्यक्रम विवरण रहेछ र त्यसमा केही स्रष्टाहरूका बारेमा परिचय पनि दिइएको रहेछ जसमध्ये सोफिया शर्माको परिचय पनि रहेछ ।

जसमा निम्न शब्दहरू परेका छन् :

"संगीतकार तथा गायिकाका रुपमा परिचित सोफिया शर्मा एक हास्यब्यङ्गय कवि पनि हुनुहुँदोरहेछ भन्ने रहस्य हालै उजागर हुन लागेको छ उहाँका डायरीहरूबाट । ती मध्ये एउटा डायरी नगेन्द्र शर्माजीको हालै प्रकाशित संस्मरणात्मक निबन्ध सङ्ग्रह **अनुस्मरण**मा पनि समावेश गरिएको छ । त्यस्तै अरु डायरीहरू केलाउने क्रममा फेला परेका उहाँका केही हास्यकविताहरू हास्यव्यङ्ग्य प्रधान **साउती** पत्रिकाले आफ्नु गत तीनवटा अङ्कमा लगातार प्रकाशित गरेको पनि छ । उदाहरणस्वरुप उहाँले १२ अगस्त सन. १९६६ मिति दिएर बडोदामा लेखेको ब्यङ्ग्य कविता त्यस पत्रिकाको सबभन्दा पहिलो अङ्कमा प्रकाशित छ । जुन यस्तो छ :–

**चड्कन चिउरा**

राम्री एउटी साथीको बिहे भो प्रोफेसरसँग
प्रोफेसरको साथी फिदा भएथ्यो मसँग
बिहेमा म गएँ भिल्के भएर
उ पनि आएछ तिल्के भएर
छुन के खोजेथ्यो, चड्काएँ गालामा जोडसँग ।

हुन त सोफियाजीले उक्त कवितालाई 'हल्काफुल्का मुक्तक' शीर्षक राख्नुभएको छ, तर तिनका संरचना र बान्की हेर्दा तिनलाई अङ्ग्रेजी कविता विधामा प्रचलित **लिमरिक** शैलीमा लेखिएको प्रष्ट हुन्छ । अङ्ग्रेजीमा लिमरिक पाँच पंक्तिका हास्यकविता हुन् । तिनमा सरदर १६, १६, १०, १० र १६ अक्षर संख्या

राखिएका हुन्छन् । साथै पहिलो दोश्रो र पाँचौ पंक्तिमा अन्त्यानुप्रास मिलेका हुन्छन् भने तेश्रो र चौथोमा पनि त्यसैगरी मिलेका हुन्छन् । सोफियाजीका उक्त कवितामा पनि यस्तै संरचना पाइएका हुनाले तिनलाई लिमरिकको नामाकरण गर्ने हो भने सन् १९६६ मा लेखिएका प्रथम नमूना लिमरिक उपरोक्त कवितालाई नै मान्नुपर्छ कि ?

यहाँ लिमरिकको अरु बढी परिभाषा दिइरहनुपर्ला जस्तो लाग्दैन । तथापि मेरो सानो ज्ञानले बुझेका आधारमा निम्न बमोजिम जानकारी गराउन चाहन्छु :–

१. पाँच पंक्ति रहने धेरैजसो ठट्टापूर्ण कविता– **नरेन्द्रमणि दीक्षितको अङ्ग्रेजी/नेपाली शब्दकोश ।**
२. एक प्रकारको पाँच पंक्तिमा लेखिने हास्य-कविता, जसमा पहिलो, दोश्रो र पाँचौ पंक्तिका अनुप्रास मिलेका हुन्छन् । र, तेश्रो र चौथा पंक्ति जो छोटा हुन्छन्, तिनका पनि अनुप्रास मिलेका हुन्छन् । – **न्यान्डम् शब्दकोश ।**
३. अठारौं शताब्दीमा आयरलैण्डका तात्कालीन कविहरूले लिमरिकमा बसेर गाउने हास्य तथा व्यङ्ग्यात्मक कविता – **वेब्स्टर शब्दकोश ।**

उपरोक्त परिभाषाहरूलाई एकमुस्ट जम्मा पारेर भन्नुपर्दा उत्तरी आयरलैण्डको एउटा सानो काउन्टीको नामबाट लिमरिक हास्यव्यङ्ग्य कविताको जन्म भएको हो । यसमा छन्द पनि मिलाएर कविले लेख्नसकेका खण्डमा लिमरिक गाउन पनि सकिने हुन्छ र यो गजलकार त्यसको प्रयासमा लागेको पनि छ ।

अब अन्त्यमा सोफिया शर्माका बारेमा केही भनौं । उहाँ अरु कोही नभएर नेपालका बिख्यात राजनीतिज्ञ, नेता, स्वत्रन्त सेनानी तथा प्रख्यात इतिहासविद् स्व. डिल्लीरमण रेग्मीकी कान्छी सुपुत्री, वरिष्ठ कवि, सहित्यकार तथा राजनीतिक विश्लेषक मदन रेग्मीकी बहिनी तथा नगेन्द्र शर्माकी धर्मपत्नी हुनुहुन्थ्यो । २०६६ वैशाख १० गते हृदयघातले उहाँको असामयिक निधन भयो । उहाँको स्मृतिमा निम्न लिमरिक अर्पण गर्न चाहन्छु **:–**

लेखिन् जसले साहित्यको एउटा नयाँ विधा
भित्र्याइन् नेपालमा अठारौंबाट एक्काइसौं शताब्दीमा सीधा
यावत् जनलाई थाहा नहोला
सोफिया शर्माको त उडिसक्यो चोला
तर लिमरिक पस्किएर भइन् संसारबाट बिदा ।

यस सङ्ग्रहमा समावेश भएका लिमरिकमध्ये केही विभिन्न पत्रपत्रिकामा प्रकाशित पनि भइसकेका छन् । अहिलेलाई यसमा भएका कमी कमजोरीलाई सुधार गर्ने सुझाव र सल्लाहको हार्दिक अपेक्षा गर्दै बिदा चाहन्छु ।

**रामबहादुर पहाडी**

# प्रकाशकीय

प्रख्यात् राजनीतिज्ञ, स्वतन्त्रता सेनानी तथा इतिहासविद् स्व. डा. डिल्लीरमण रेग्मीजीकी कान्छी सुपुत्रीको रुपमा वि. स. २००५ नवरात्रको नवमीमा जन्म ग्रहण गरेकी सोफिया रेग्मी काठमाडौं यटखाटोलस्थित कन्यामन्दिरमा र पद्मकन्या कलेजमा पढेपछि उच्चशिक्षाको निम्ति भारत सरकारबाट छात्रवृत्ति पाएर गुजरातको बडोदास्थित महाराजा गायकवाड (एम्.एस्.) विश्वविद्यालयमा ६ वर्ष संगीतको अध्ययनपछि एम्. म्युजको स्नातकोत्तर डिग्री प्राप्त गरी स्वदेश फर्कनु भयो । यहाँ आएर तिनताकको संस्कृति विभागमा सङ्गीत अन्वेषण अधिकृतको पदमा नियुक्ति पाउनुभयो र त्यहाँ काम गर्दागर्दै २०२८ साल अक्षय तृतीयाका दिन तिनताकको शाही नेपाल वायुसेवा निगमका कमर्सियल डाइरेक्टर नगेन्द्र शर्मासँग वैवाहिक सम्बन्धमा बाँधिनुभयो । पछि उक्त संस्कृति विभाग खारेज भयो र रेडियो नेपाल तथा अन्य सरकारी निकायहरूमा जागिर खाएर करिब साठी वर्षको उमेरमा उपसचिव पदबाट उहाँ सेवानिवृत्त हुनुभयो । त्यसपछिका दिनहरूमा उहाँको स्वास्थ्य निरन्तर गिर्दै गयो र डाक्टरहरूकै सल्लाहमा उहाँ गायन क्षेत्रबाट पनि टाढा हुँदै जानुभएको थियो । उहाँका धेरै रेकर्डहरू रेडियो नेपालमा उपलब्ध छन् ।

हालसम्म एक साङ्गीतिक व्यक्तित्वको रुपमा मात्र परिचित उहाँ एक व्यङ्ग्य कवि पनि हुनुहुँदोरहेछ भन्ने रहस्य हालै उजागर भएको छ - उहाँका विश्वविद्यालयकालीन केही डायरीहरूबाट । ती डायरीका केही पानाहरू उहाँका पतिको हालै प्रकाशित संस्मरणात्मक निबन्ध-सङ्ग्रह, **अनुस्मरण**मा पनि समावेश गरिएका छन् । त्यस्तै अरु डायरीहरू केलाउने क्रममा फेला परेका केही **लिमरिक शैली**का कविताहरू हास्यव्यङ्ग्य प्रमुख **साउती** पत्रिकाले आफ्ना विभिन्न अङ्कमा लगातार प्रकाशित गरेको पनि छ, जसमध्ये केही यस्ता छन् :-

**१. गर्दभ राग**

*संगीत सिक्न आएकी नेपालबाट*
*तर सबै हाँस्छन् मेरो गर्दभ रागबाट*
*अरुका मीठा स्वरहरू सुन्छु*
*कोठामा छिरेर एक्लै रुन्छु*
*कैले भाँगू जस्तो लाग्छ यो ठाउँबाट ।*

**२. चड्कन चिउरा**

*राम्री एउटी साथीको बिहे भो प्रोफेसरसँग*
*प्रोफेसरको साथी फिदा भएथ्यो मसँग*
*बिहेमा म गएँ भएर झिल्के*
*ऊ पनि आएछ भएर टिल्के*
*छुन के खोजेथ्यो, चडकाएँ गाला जोडसँग ।*

३. **नाठो**

*गाइरहेथे माइकमा केटाका जन्ती*
*नाच्ने केटीहरूको पनि थिएन गन्ती*
*बेगाने शादी में अब्दुल्ला दिवाना*
*बोलको गीतमा सबै मस्ताना*
*नाठोसँग सल्कीछ त्यै रात ब्यौलीकी लोकन्ती ।*

हुन त सोफियाजीले उक्त तीनैवटा व्यङ्ग्य कविताको संयुक्त शीर्षक राख्नुभएको छ : **हल्काफुल्का केही मुक्तक** । तर तिनको संरचना र बान्की हेर्दा तिनलाई अङ्ग्रेजी कविता-विधामा प्रचलित **लिमरिक**को शैलीमा लेखिएको प्रस्ट हुन्छ । अङ्ग्रेजी भाषामा प्रचलित लिमरिक नामक कविता विशेषत हास्यकविता हुन् । यी बारे थप कुरा लेखक पहाडीको मन्तव्यमा छ । नेपाली भाषामा यो शैली भित्र्याउने प्रथम व्यक्ति स्व. सोफिया शर्मा हुनुहुँदो रहेछ भन्ने अनुमान गर्न सकिन्छ ।

**यो कृतिको बारे केही कुरा**

यो कृति माता तुलसादेवी र पिता गणेशबहादुर पहारीका सुपुत्र रामबहादुर पहाडीको हो । उनी कुशल गजलकार हुन् । गजल लेखन र वाचनमा समेत अलग्गै छाप छोड्न सफल सर्जक हुन् पहाडी । पेशाले वैकिङ व्यवस्थापन विशेषज्ञ भए पनि पहाडी गजल लेखनमा विशिष्ट हस्ति हुन् । अङ्ग्रेजीबाट नेपालीमा विश्वसाहित्यका कृति अनुवाद गर्ने क्षमता पनि राख्ने पहाडीले लियो टाल्सटायको विश्वप्रसिद्ध कृति 'वार एण्ड पिस' र द सन (सूर्यबारे विज्ञान जानकारी पुस्तक) को नेपाली अनुवाद र हाम्रा कथा, बालकथा सङ्कलनको अङ्ग्रेजी अनुवाद र लक्ष्मण राजवंशीका कथा कृतिको अङ्ग्रेजीबाट नेपालीमा अनुवाद पनि गरेका छन् ।

लेखक पहाडी आफ्ना सिर्जनामा मानवीय संवेगलाई सशक्त रुपमा प्रस्तुत गर्न सफल लेखक हुन् । प्रस्तुत लिमरीक सङ्ग्रह 'नरिसाउनु है !' मा उनले जीवनका विविध पक्षहरूको मार्मिक चित्रण गरेका छन् ।

कार्तिकेय घिमिरे
अध्यक्ष, जमर्को युवा समूह नेपाल ।

OnlineSahitya.com

३

म हाँसेको छैन साथी म रोएको पनि   छैन
भर्खरै उठेको  छु मुख धोएको  पनि   छैन
महलको  राजा वन छिरे पछि
नेताहरूले   जनता  पिरे पछि
मट्टितेल  नपाएर  अन्न छोएको पनि छैन ।

४

कार्यालयको  बहुला कुकुर  विषले वेसुर भयो
ऊ   सबै   कर्मचारीहरुको  धूरधूर  भयो
यता गयो उसले लखेट्छ
उता गयो उसले लखेट्छ
हाकिमले के सोच्यो कुन्नि रिसले चूरचूर भयो ।

५

त्यो पारि वनमा  कसैले आगो  लगाइ दिएछ
यौटा बटुवा आगो निभाउ भन्दै  चिच्याइ दिएछ
वनपालेहरू मजा  भो  भन्दै   थे
उनीहरू आ-आफ्नो भाग गन्दै  थे
त्यो  कराउने  मान्छे  त वहुलाहा  पो   रहेछ ।

६

म  पनि   घामपानीमा  धेरै पटक रुझेको छु
गल्लीका    साँढेहरुसँग पनि जुझेको छु
काम विशेषले तिम्रो घर आएँ
ढोकैबाट  चिच्याइ    बोलाएँ
तर अर्कैले स्वागत गर्‍यो तिम्रो मर्का बुझेको छु ।

७

यौटाले भन्यो ऊ रक्सी खाएर मरेको रहेछ
अर्कोले भन्यो उसले आत्महत्या गरेको रहेछ
कसैले भन्यो टि.बी.लागेर
कसैले भन्यो दुर्घटना परेर
तर त्यो विचरा मान्छे भोकले मरेको रहेछ ।

८

हाम्रो समुह पोहोरको वर्ष लाहुर गा'को थियो
एक पटक त्यहाँ एउटा यस्तो घटना भा'को थियो
हामीले एउटी सुन्दरी देख्यौं
लाग्यो हामीले सपना देख्यौं
एउटा साथी त उसलाई देखेर बेहेस भा'को थियो ।

९

बुढी मरेको छ महिना पनि भएको छैन
तन्नेरी बनी हिँड्छौ बानी अझै गएको छैन
आज देखि साठी त छोएँ नि
तन्नेरी देखिने त भएँ नि
कान्छी ल्या'को दुई महिना पनि भएको छैन ।

१०

विदेशमा पक्राउ पर्दा एकछिन होसै हराउँछौं
भाषा र कानुन फरक त्यसैले निकै डराउँछौं
जुवा खेलेको अभियोग लाग्यो
प्रहरीले स्पष्टिकरण माग्यो
भन्यौ, नेपालमा तासै खेलेर समय कटाउँछौं ।

११

मान्छेको संगतले कुविचार गर्न थाल्यो कि कसो ?
पशु त हो कतै व्यभिचार गर्न थाल्यो कि कसो ?
चोर आए पुच्छार नै लुकाउँछ
साधु आए सिकी नै चुँडाउँछ
कुकुरले पनि भ्रष्टाचार गर्न थाल्यो कि कसो ?

१२

अस्ति तल्लो गाऊँको निम्तो आयो तल झर्नै पऱ्यो
हिँजो पल्लो गाऊँको निम्तो आयो खोला तर्नै पऱ्यो
दुलहीलाई सिन्दुर छर्के पछि
बुढाबुढी घर फर्के पछि
आज लोडसेडिङमा पनि पेन्डिङ काम त गर्नै पऱ्यो ।

१३

उसको बाले भाइ भन्थे सान्बा भन्नु पर्ने उसले
सान्बा भन्न गाह्रो लागे दाइ भन्नु पर्ने उसले
दुईचार कविता लेख्न थाल्यो
आफैलाई ठूलो देख्न थाल्यो
पहाडीजी भन्छ तर लाज मान्नु पर्ने उसले ।

१४

कोटेश्वर बानेश्वर राजमार्ग रोकूँ रोकूँ लाग्छ
ढोकै ढुकेर गालै गालामा ठोकूँ ठोकूँ लाग्छ
मुसाले विरालो जेल हाल्ने रे
खोरको बाघलाई नेल हाल्ने रे
त्यसैले भुस्याहा कुकुर देख्यो कि ढोगूँ ढोगूँ लाग्छ ।

१५

गरीब भए झन गरीब धनीहरू होशियार
जनतालाई सपना बाँडी आफू पजेरोमा सवार
ठुला बडाको भत्ता बढाउने
साना तिनाको झाप्रा डढाउने
सबै जोगी कान चिरेका धन्य नेपाल सरकार ।

१६

गरीब नै नभए त धनीहरू हुन्थे कहाँ ?
अग्ला अग्ला महलबाट आकाश नै छुन्थे कहाँ ?
इँटाको गाह्रो को लगाउँथ्यो ?
काठको ढोका को बनाउँथ्यो ?
झुपडीमा डोजर चल्दा सुकुम्बासी रुन्थे कहाँ ।

१७

गुण्डो मऱ्यो तर उसलाई शहीद घोषित गरियो
डाँका मऱ्यो ऊ पनि शहीदकै सूचिमा दरियो
हूलमूलमा पर्ने पनि शहीद
बाटो काट्दा मर्ने पनि शहीद
हरे शिव ! गंगालालहरुको घोर अपमान गरियो ।

१८

दुराचारी र भष्टाचारीका हाडखोड गल्ने थिए
अन्याय र अत्याचारका पर्खालहरू ढल्ने थिए
सुशिला जस्ता न्यायाधिश भए
रमेस जस्ता प्रहरी भए
यो देशका ढुङगामा पनि हीरा मोती फल्ने थिए ।

१९

के भन्न बोलाइथ्यौ कुन्नि प्रसङग त अर्कै पर्‍यो
अलि अलि गर्दा गर्दै कुराकानी चर्कै पर्‍यो
द्वन्द भयो न सम्झौता भयो
न रमाइलो रमिता भयो
सोझो कुरा गरेको हुँ तिमीलाई मर्कै पर्‍यो ।

२०

लुरुलुरु आएँ जुठो दियौ सुरुसुरु खाएँ
गीत गाऊ भन्यौ सानै स्वरमा खुरुखुरु गाएँ
रात छिप्पियो दिल धड्कियो
मेरो कुरा गलामै अड्कियो
तिम्रा कुरा सुन्दा यस्तो लाग्यो बेकारमा आएँ ।

२१

लोकल कुखुराको फुल भन्यो सबैले हारालुछ गरे
दसौं क्यारेट बिक्यो नकिन्नेले मुखामुख गरे
नयाँ पोथीले सानो फुल पार्‍यो
साहुले आँखामा छारो हाल्यो
सात रुपियाँको माललाई मज्जाले दस रुपियाँ तिरे ।

२२

किन लाज मान्ने तिमी पनि काले म पनि काले
कुरा गरौं जामेमाले काम गरौं आलेटाले
निर्वाचन छिटै होला झैं छैन
जनताले भोट देला झैं छैंन
मौका यही हो काले, काले मिलेर खाऊँ भाले ।

२३

देशको समस्या भन्नु थियो यस्तो समय सेट भयो
कोटेश्वरमा जाने गाडी बानेश्वरमा लेट भयो
आशिर्वाद थाप्न गएका रै'छन्
प्रधानमन्त्री माग्न गएका रै'छन्
नेपाल खोज्न जाँदाजाँदा भारतमा पो भेट भयो ।

२४

त्यो मान्छे टुक्का, उखान हाल्छ विपक्षीलाई गाली गर्छ
उपचारका निहुँमा छिमेकतिर जाने दावी गर्छ
माग्छ कसैले पनि दिँदैन
ताक्छ योग्यताले नै दिँदैन
भन्छन् 'प्रधानमन्त्री' रोग लागेर ऊ सधैँ यस्तो गर्छ ।

२५

हाम्रा अध्यक्ष ज्यूँदै भए त कुरो अर्कै हुन्थ्यो
उनी त के उनका चम्चालाई पनि कहाँ छुन हुन्थ्यो
कसै कसैको चल्दै चल्दैन
कसैको भने दालै गल्दैन
पार्टीबाट प्रधानमन्त्री म बाहेक अरु को हुन्थ्यो ?

२६

एक गोर्खाली सिपाही पेन्सन लिएर घर फर्केछ
घर फर्के पछि आफनो स्वास्नीसँग खूब कड्केछ
सुन् त ! म देखिन्छु र विदेशी ?
होइन, देखिन्छौ खाँटि स्वदेशी !
अङ्ग्रेजले त विदेशी पो भन्थ्यो, मुर्खै रहेछ ।

२७

दस कक्षाको मौखिक परीक्षा चलिरहेको थियो
मोती जयन्तीबारे एक प्रश्न सोधिएको थियो
मोती नेपालका युवा कवि हुन्
थाहा छैन सर ! जयन्ती को हुन?
आफुलाई बाठो ठान्ने विद्यार्थीले उत्तर दियो ।

२८

जँडयाहाले एउटा गिलासमा पानी र अर्कोमा रक्सी भरेछ
उसका दुवै गिलासमा संयोगले कीरा परेछ
पानीको कीरा पौडेर तऱ्यो
रक्सीको कीरा डुबेर मऱ्यो
उसले त आफनो पेटका कीरा मार्न बोत्तलै तुरे छ ।

२९

जङ्गबहादुर बेलायत भ्रमण गरेर नेपाल आयो
अनि भाइभारदारहरुको एउटा सभा बोलायो
सरकार ! बेलायत कस्तो रहेछ ?
साँच्चैको स्वर्ग जस्तो रहेछ
साना नानी पनि अङ्ग्रेजी बोल्दा अचम्मै लाग्यो ।

३०

नेपालका नेताहरुमा सहमति किन हुँदैन
उनीहरुलाई नयाँ काम गर्न इच्छा नै हुँदैन
नयाँ काम गरे परिवर्तन हुन्छ
परिवर्तन भए पदै गुम्छ
सर्प, विच्छी र भ्यागुतो आपसमा डेग चल्दैन ।

३१

एकजना मान्छे जरुरी फोटोकपि गर्न गयो
तर उसले घर फर्केन धेरै नै ढिलो गऱ्यो
स्वास्नीले भनी दालभात सेलायो
नढाँट, तिमीलाई कसले भुलायो
प्रिये ! सक्कल र नक्कल भिडाउँदा यस्तो ढीलो भयो ।

३२

लोग्नेसँग स्वास्नीले बोलचालै बारेकी रै'छ
विचरीले आफनो मन बाध्यताले मारेकी रै'छ
लोग्नेले छोडपत्र गर्छु भन्यो
मार्छु तँलाई कि मै मर्छु भन्यो
स्वास्नीले पेटमा छ मैनाको गर्भ पालेकी रै'छ ।

३३

नाङ्गो थियो लुगा लगायो ऊ लाउवादी भयो
भोको थियो खान पनि पायो ऊ माउवादी भयो
शिविरहरुमा कुर्दाकुर्दै
आफ्नै आँखाले हेर्दाहेर्दै
पछुतो छ ऊ भन्छ, मेरो नेता त खाउवादी भयो ।

३४

विहानै दुई महिला नदी किनार दिसा बसे
दुई जना मान्छे पनि केही कामले त्यतै पसे
ती मान्छेहरू मधेसी थिए
महिलाहरू नेवार्नी थिए
'मनु मखु मर्स्या ख' भन्दै यथास्थितिमा बसे ।

३५

यो सरकारले देश बनाउने विश्वास गरेको रै'छु
प्रधानमन्त्रीको प्रमुख सल्लाहकार भा'को रै'छु
इमान्दारहरू पुरस्कृत भा'छन्
भ्रष्टहरुले दण्ड पा'छन्
निद्रा खुल्यो मैले त सपना पो देखेको रै'छु ।

३६

काठमाण्डु जाँदै थेँ गजुरी बन्द भएको रै'छ
भीड यताको यतै उताको उतै भएको रै'छ
दुई पक्षबीच वार्ता चल्यो
राती बाह्र बजे बाटो खुल्यो
कारण, एउटा मान्छेले कान्छी स्वास्नी ल्याएको रै'छ ।

३७

मलेखुमा खाजा ख्वाउन गाडीले विश्राम लियो
त्यसका लागि गुरुजीले आधा घण्टा समय दियो
दुइटा सेल खाएको थिएँ
सय रुपियाँ दिएको थिएँ
ठीक्क भो पैल्यै दिनुभो साउनीको निर्णय थियो ।

३८

ऊ मेरो नजिकको नाता पर्ने दाइ हो भन्थी
जागिर त निकै राम्रो छ तर अस्थायि हो भन्थी
विहानै एउटा गाडीमा जान्थी
राति अर्को गाडीमा आउँथी
सबैजना सुतेपछि ऊ दिनको कमाई गन्थी ।

३९

नेता छन् नेतृत्व छैन सभा छ विधान छैन
जनता छन् भ्रातृत्व छैन सिपाही छन् कप्तान छैन
तिम्रो मायाको अर्थ बुझेनौँ
हामी घाम र पानीमा रुझेनौँ
त्यसैले आमा ! तिम्रो रुप छ तर परिधान छैंन ।

४०

धारा छन् पानी छैंन सिलिन्डर छन् ग्यास छैन
सरकार छ प्रशासन छैन नेता छन् विस्वास छैन
छत्तिस जातको फूलवारी
बिग्र्यो जनताको घरवारी
सम्वेदनहीन नेताबाट सम्विधान बन्ने आस छैन ।

४१

ती को थिइन् खै एक्कासी आँखै अगाडि देखिइन्
एक्कै छिनमा मेरो कविताकी श्रोत बनेर गइन्
सपना देखेँ कि भन्न सकिनँ
मान्छे वा मुर्ति चिन्न सकिनँ
जति जति छुन खोजेँ उति उति टाढा भइन् ।

४२

जथाभावी गर्छु भन्दा लम्फूहरूको राज भयो
नेताहरूको एकापसमा सधैँ बाझाबाझ भयो
बोकाहरू दाइँ गर्ने भए
साँढेहरू रजाइँ गर्ने भए
यस्तो लाग्छ यो देशमा पशुहरुकै राज भयो ।

४३

रक्सीले मातेर आयो झण्डावाल गाडीमा  आयो
डाक्टर र  नर्सहरूबीच  ताण्डव  नृत्य  देखायो
अस्पताल कब्जामा लिन्छु भन्थ्यो
नत्र सरकार  ढाली दिन्छु भन्थ्यो
मापसे  को  डरले जस्केलोबाट  लुसुक्क भाग्यो ।

४४

सपना  त  निद्रामा  देखिन्छन्  नि कति कति
सम्झेर साध्य नै हुँदैन समय बित्छ जति जति
राम्रा सपना अधूरा हुन्छन्
नराम्रा सपना पूरा हुन्छन्
सपना  देख्दादेख्दै  सकिने भो जीवनको गति ।

४५

तपाईंलाई थाहा छ सम्विधान छिटै बनाउने रे
नबनाए  सम्म  यसैले  नै  काम चलाउने रे
त्यसैले नेताहरू विदेश जाँदैछन्
अहिले धमाधम डलर साट्दैछन्
बनाएपछि मात्र सम्विधान दिवस मनाउने रे ।

४६

यस्तो हुँदो रै'छ मौकामा ओठ सिलाए पछि
ओखति भनेर पानीमा विष मिलाए पछि
रित्तो बन्दुक पड्कने रहेछ
लाटो  पनि कड्कने रहेछ
डस्ने त भयो नि सर्पलाई दुध पिलाए पछि ।

४७

लाटा सोझा मान्छेलाई आउने रै'छ परीपरी
धेरै दिन पहिले देखि फोन आयो घरीघरी
कान्छा बाटैमा छोडेर भाग्यो
जेठा आफ्नै घरतिर लाग्यो
चौटा खान गएकी बुढी झोलमा डुबेर मरी ।

४८

सेतोलाई सेतो कालोलाई कालो भन्ने बानी खराब
जस्तालाई त्यस्तै देख्ने आँखाको नानी खराब
साच्चै नै सतीको श्राप लाग्यो
वा नेताको बुद्धीमा विर्को लाग्या
गणेशमान भन्थे राजधानीको खानेपानी खराब ।

४९

सेतोलाई सेतो कालालाइ कालो भन्ने बानी खराब
जस्तालाई त्सतै देख्ने आँखाको नानी खराब
अहिले पनि ऊ उस्तै छ
ती केटाकेटीहरु जस्तै छ
ऊ भन्छ उ गाँठे ! राजधानी खाने पानी खराब ।

५०

साली आ'की छ भनिन् साँचो कुरा गरेकी रै'छन्
हतार हतारमा घर आएँ बाहिर गएकी रै'छन्
सोझो मन थोरै बाङ्गो भयो
मन त हो केही छिन् नाङ्गो भयो
आ'की त रै'छन् तर श्रीमानसहितै आ'की रै'छन् ।

५१

पुरानो माया हृदयमा छाप हुने रहेछ
भित्र भित्रै पोल्ने आगोको राप हुने रहेछ
सपनामा सधैँ आउँछिन् उनी
मसँग दोहोरी गाउँछिन् उनी
प्रेम गरी धोका दिनु महापाप हुने रहेछ ।

५२

बाटुली थिइन् एक्कासी मेरो कोठाभित्र पसिन्
उज्याली थिइन् रात भरि मेरो वरिपरि बसिन्
छुन सकिनँ छोऊँ झैँ लाग्यो
मेरो मनमा तर यस्तो लाग्यो
उनी मेरोलागि आकाशबाट धर्तीमा खसिन् ।

५३

कोही त आफ्नै खुट्टामा बन्चरो हान्दा रहेछन्
आफ्नो घर डढाएर खरानी बेच्दा रहेछन्
आफ्नो आङको भैँसी'नि नदेख्ने
अरुको आङको जुम्रा'नि देख्ने
नेपालका नेता झैँ ढाँटेर बोल्न जान्दा रहेछन् ।

५४

यस्तो हुने रहेछ जवानीमा बाटो बिराए पछि
जोस चल्यो भन्दैमा आफैले होश हराए पछि
जिन्दगी बर्बाद हुने रहेछ
बितेको दिन याद हुने रहेछ
किन नपोलोस् त अगेनोमा हात छिराए पछि ।

OnlineSahitya.com

५५

एक रात सपनामा आफुलाई नै मरेको देखेँ
आफुले  नै आफ्नो काजकिरिया गरेको देखेँ
मरी सकेँ कुरा गरि रा'छु
आँखाले सबथोक देखी रा'छु
ब्यूँझदा  लाग्यो मृत्युको पूर्वाभ्यास गरेको देखेँ ।

५६

भैँसीमा चढ्थेँ भन्थ्यो आज हात्तीमा चढ्न पायो
झुपडीमा बस्थेँ भन्थ्यो ऊ महलमा बस्न आयो
कुर्सीको गरिमा उसले बुझ्दैन
सही सल्लाह उसले सुझ्दैन
नपाउनेले  केरा पायो बोक्रैसित पो  खायो ।

५७

हो दिन त परि हाल्यो कथाले मागे   पछि
लाजशरम हटि हाल्यो खेल्ने बानी लाग पछि
जवानी त एक छिन फुल्ने  रै'छ
अनि  मात्र आँखा  खुल्ने   रै'छ
पारिश्रमिक थाप्न जाँदा निर्माता नै भागे पछि ।

५८

दशकौँ विते शताब्दी वित्यो सधैँ   भ्रान्ति भयो
सुख भयो न शान्ति भयो न त पूर्ण क्रान्ति भयो
पहाड बन्द कहिले तराई
दाजु र भाइ भए पराई
बुद्धको देशमा किन यति ठूलो अशान्ति भयो



रामबहादुर पहाडी

माता तुलसादेवी र पिता गणेशबहादुर पहारीका सुपुत्र रामबहादुर पहाडी कुशल गजलकार हुन् । उनी गजल लेखन र वाचनमा समेत अलग्गै छाप छोड्न सफल सर्जक हुन् । उनी पेशाले बैंकिङ व्यवस्थापन विशेषज्ञ हुन् । अङ्ग्रेजीबाट नेपालीमा विश्वसाहित्यका कृति अनुवाद गर्ने क्षमता पनि राख्ने पहाडीले लियो टाल्सटायको विश्वप्रसिद्ध कृति 'वार एण्ड पिस' र 'द सन' (विज्ञान जानकारी पुस्तक) को नेपाली अनुवाद र हाम्रा कथा (बालकथा सङ्कलन), लक्ष्मण राजवंशीका कथालगायत कृतिहरूको नेपाली अनुवाद पनि गरेका छन् ।

लेखक पहाडी आफ्ना सिर्जनामा मानवीय संवेगलाई सशक्त रूपमा प्रस्तुत गर्न सफल लेखक हुन् । प्रस्तुत लिमरिक सङ्ग्रह 'नरिसाउनु है !' मा उनले जीवनका विविध पक्षहरूको मार्मिक चित्रण गरेका छन् ।

**कार्तिकेय घिमिरे**
अध्यक्ष, जमर्को युवा समूह

अनलाइन साहित्य
OnlineSahitya.com



## जमर्को युवा समूह

पो. ब. नं. २५८५९ काठमाडौं, नेपाल ।